नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पि.एस. कोरिया शाखा, ग्वार्को, ललितपुर

**सन् २०२६ को Point Based Selection System अन्तर्गत प्रथम चरणको कोरियन भाषा परीक्षा (EPS-TOPIK, 2026) को लागि आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !**

सूचना प्रकाशन मिति – २०८३/०४/०५

**कोरियन भाषा परीक्षा उत्तीर्ण गर्नु कोरियामा रोजगारीको सुनिश्चितता होईन ।**

नेपाल सरकार, युवा, श्रम तथा रोजगार मन्त्रालय र गणतन्त्र कोरिया, रोजगार तथा श्रम मन्त्रालय बीच सम्पन्न समझदारी पत्र अनुरुप रोजगार अनुमती प्रणाली- EPS अन्तर्गत गणतन्त्र कोरियामा नेपाली नागरिकलाई श्रमिकका रुपमा पठाउने प्रयोजनको लागि योग्य उम्मेदवारको छनौट गर्न प्रथम चरणको कोरियन भाषा परीक्षा सञ्चालन गर्ने सम्बन्धमा HRD Service of Korea बाट परीक्षा कार्यक्रमको तालिका प्राप्त भै आएको हुँदा ईच्छुक योग्य नेपाली नागरिकहरुबाट देहाय बमोजिमका आवेदन फाराम दर्ता गर्नु हुन युवा, श्रम तथा रोजगार मन्त्रालयको मिति २०८३/०४/०४ गतेको निर्णयानुसार यो सूचना सार्वजनिक गरिएको छ ।

## १. परीक्षाको मितिः

- आवेदन संकलन प्रकृया सम्पन्न भई जम्मा आवेदक संख्या निर्धारण भएपश्चात कार्यालयको Website मा परीक्षाको मिति तथा तालिका सार्वजनिक गरिनेछ ।
- एक दिनमा बढिमा ५ सिफ्ट गरी परीक्षा संचालन हुने साथै आवेदक संख्याका आधारमा वा अन्य विविध कारण आईपरेमा परीक्षा तालिका फेरबदल हुन सक्नेछ ।

## २. आवेदनको क्षेत्र र अनुमानित उत्तीर्ण सङ्ख्याः

- **Point Based Selection System** को अनुमानित उत्तीर्ण सङ्ख्या ७,२०० हुनेछ ।
- **Point Based Selection System** को प्रथम चरणको परीक्षा- भाषा परीक्षामा उत्तीर्ण संख्या **Cut Off-line** को आधारमा **HRD Korea, EPS Center** ले उपलब्ध गराएको नतिजा बमोजिम हुनेछ ।
- कोरियामा कामदारको माग अनुसार Point Based Selection System मा उत्तीर्ण सङ्ख्या थपघट हुन सक्नेछ ।

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पि.एस. कोरिया शाखा, ग्वार्को, ललितपुर

| सि.नं | क्षेत्र (Industry) | अनुमानित उत्तीर्ण संख्या |
|---|---|---|
| १. | उत्पादनमुलक क्षेत्र (Manufacturing) | ५००० जना |
| २. | कृषि तथा पशुपालन क्षेत्र (Agriculture and Livestock) | २००० जना |
| ३. | सेवा क्षेत्र (Service I) | १०० जना |
| ४. | वन क्षेत्र (Forestry) | १०० जना |
| जम्मा (Total) | | ७२०० जना |

*नियमहरू:*

- एक व्यक्तिले एक वटा क्षेत्रमा मात्र दरखास्त फाराम भर्न पाउने छ । प्रथम चरण उत्तीर्ण गरेपछि छनोट गरिएको क्षेत्र परिवर्तन गर्न पाइने छैन ।
- प्रथम चरणको भाषा परीक्षामा उत्तीर्ण परीक्षार्थीहरुले दोश्रो चरणको **Skill Test** (सीप परीक्षण) र **Job Capacity Assessment** (कार्यक्षमता मूल्याङ्कन) मा समेत सहभागी भै उत्तीर्ण भए पछि मात्र अन्तिम छनोटमा पर्न सक्नेछन् ।
- उत्पादनमूलक क्षेत्र, कृषि तथा पशुपालन क्षेत्र, सेवा क्षेत्र र वन क्षेत्र तर्फ परीक्षाको आवेदन फारम भर्दा यसै सूचनाको बुँदा नं ९ मा उल्लेख गरिएका सम्बन्धित क्षेत्रको कुनै एक उप-क्षेत्र अनिवार्य छनौट गर्नुपर्नेछ ।

## ३. आवेदकको योग्यता:

क) नेपाली नागरिक;

ख) उमेर १८ वर्ष पुरा भई ३९ वर्ष ननाघेको, अर्थात सम्बन्धित उम्मेदवार सन् १९८६ जुलाई २८ देखि सन् २००८ जुलाई २७ बीच जन्मिएको हुनु पर्नेछ;

ग) फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको;

घ) गणतन्त्र कोरियामा गई गैह्र कानूनी रुपमा बसोवास गरी कोरियाबाट फिर्ता नपठाइएको;

ङ) नेपाल सरकारले अन्य मुलुकमा जान रोक नलगाएको;

च) कोरियामा E-9 वा E-10 भिषामा ५ बर्ष वा सो भन्दा बढी नबसेको;

छ) Color Blindness र Color weakness (रङ छुट्याउन नसक्ने) नभएको;

## ४. आवेदन दर्ता प्रकृयाः

क) **आवेदन दर्ता मितिः** सन् २०२६ जुलाई २७ देखि अगष्ट २ सम्म (July 27 – August 2 2026) सम्म ।

ख) **आवेदन दर्ता प्रकृयाः** परीक्षा आवेदन फाराम https://eoers.epsnepal.gov.np मा गई अनलाईन भर्नु पर्नेछ ।

ग) **आवेदन दर्ता तरिकाः** आवेदन दर्ता गर्ने तरिका https://eoers.epsnepal.gov.np को पहिलो पेजमा नै Demo Video हेर्न सकिने छ ।

घ) आवेदन दर्ताका लागि आवश्यक कागजातहरूः

- आवेदकले आवेदन फाराम भर्दा राहदानीको फोटो भएको पेज (बायो पेज) को स्क्यान गरेको JPG Image file (Width 600 pixels, 89KB भन्दा कम Size को) अपलोड गर्नु पर्नेछ ।
- आवेदकले आवेदन फाराम भर्दा अनिवार्य रुपमा आफ्नो ईमेल ठेगाना र मोबाईल नम्बर उल्लेख गर्नु पर्ने छ ।
- आवेदन फाराममा ६ महिना यता खिचेको सेतो पृष्ठभुमी भएको तर सेतो लुगा नलगाएको, दुवै कान स्पष्ट देखिने राहदानी साईजको (3.5 x 4.5cm) रङ्गीन फोटो (Photo Width 100~300 pixels, File Type: Only JPG, 8~14KB size) स्क्यान गरी अपलोड गर्नु पर्नेछ ।

ङ) **परीक्षा शुल्कः** परीक्षा शुल्क अमेरिकी डलर अठाईस (US$ 28) लाग्नेछ । आवेदकले जुन दिनमा फारम दर्ता गराउने हो सो दिनको लागि केन्द्रीय बैंक (नेपाल राष्ट्र बैंक) ले तोकेको विनिमय दरका हिसाबबाट हुन आउने नेपाली रुपैयाँ आवेदन फारम भर्दा सोही पोर्टलबाट अनलाईन मार्फत बुझाउनुपर्नेछ ।

*पुनश्चः- आवेदन फाराममा उल्लेखित आवेदकको व्यक्तिगत विवरण (जस्तै नाम, जन्म मिति, लिङ्ग र फोटो) निजको राहदानीको भन्दा फरक परेमा परीक्षामा सामेल नगराईने साथै आवेदन फाराम दर्ता पश्चात यस्ता विवरण सच्याउन नपाईने भएकोले फाराम दर्ता पूर्व नै आफ्नो विवरणहरु ठीक दुरुष्त भए नभएको यकिन गरि दर्ता गर्नुहुन अनुरोध छ ।*

## ५. परीक्षास्थल तथा परीक्षा समयः

क. परीक्षार्थीहरुको परीक्षा UBT (Ubiquitous Based Test) मार्फत भैंसीपाटी, ललितपुर स्थित UBT भवनमा सञ्चालन हुनेछ ।

ख. परीक्षा पाँच सिफ्टमा सञ्चालन हुनेछ । परीक्षाको Test Schedule तपसिल बमोजिम उल्लेख गरिएको छ ।

| Test Session | Applicant Orientation | Duration for each test | | Total duration |
|---|---|---|---|---|
| | | Reading | Listening | |
| 1st Session | 09:00-09:30 | 25 Minutes | 25 Minutes | 09:00-10:20 |
| 2nd Session | 10:30-11:00 | 25 Minutes | 25 Minutes | 10:30-11:50 |
| 3rd Session | 13:00-13:30 | 25 Minutes | 25 Minutes | 13:00-13:20 |
| 4rth Session | 14:30-15:00 | 25 Minutes | 25 Minutes | 14:30-15:50 |
| 5th Session | 16:00-16:20 | 25 Minutes | 25 Minutes | 16:00-17:10 |

- नोट - आवेदक संख्याका आधारमा वा अन्य विविध कारण आईपरेमा परीक्षा तालिका फेरबदल हुन सक्नेछ ।

## ६. नतिजा प्रकाशनः

क) प्रथम चरणको भाषा परीक्षाको नतिजा HRD Service of Korea बाट अर्को सूचना प्राप्त भएपछि प्रकाशित गरिनेछ ।

ख) परीक्षार्थीहरुले परीक्षामा आफूले प्राप्त गरेको प्राप्तङ्कको जानकारी eps.go.kr तथा epstopik.hrdkorea.or.kr बाट प्राप्त गर्न सक्नेछन् ।

ग) अन्तिम सफल उम्मेदवारको वैद्यता नतिजा प्रकाशन भएको मितिले २ (दुई) बर्ष सम्म मात्र हुनेछ ।

## ७. अङ्क भार

- **प्रथम चरण (EPS-TOPIK):**
  - Reading (पढाई): २० प्रश्न, ५० अङ्क, २५ मिनेट
  - Listening (सुनाई): २० प्रश्न, ५० अङ्क, २५ मिनेट

- जम्मा ४० प्रश्न, १०० पूर्णाङ्क, जम्मा ५० मिनेटको परीक्षा हुनेछ र दोस्रो Shift को परीक्षा समाप्त भइसकेपछि Lunch Break (11:55-12:55 सम्म) एक घण्टाको हुनेछ।
- EPS-TOPIK परीक्षा वस्तुगत बहुउत्तर (Multiple Choice Questions) को मूल्याङ्कनमा आधारित हुनेछ ।

## ८. परीक्षाको दिनको पूर्व तयारी र नियमहरूः

क) परीक्षार्थीहरू तोकिएको समयमा अभिमुखीकरण (Orientation) का लागि परीक्षा केन्द्रमा अनिवार्य रूपमा आइपुग्नु पर्नेछ। तोकिएको प्रवेश समयभन्दा पछि आउने उम्मेदवारलाई परीक्षा हलमा प्रवेश दिइने छैन।

ख) तोकिएको परीक्षा मिति र स्थान परिवर्तन गर्न सकिने छैन ।

ग) प्रत्येक आवेदकले परीक्षाको दिन आवेदन फाराम भर्दा जुन सक्कल राहदानीको प्रतिलिपि पेश गरिएको हो, सोही सक्कल राहदानी र प्रवेश पत्र (Test application slip) अनिवार्य लिएर आउनुपर्नेछ। उक्त सक्कल कागजातहरू नल्याउने उम्मेदवारलाई परीक्षामा सामेल गराइने छैन।

घ) परीक्षा भवन तथा कोठा भित्र मोवाइल फोन, Smart Watch, Bluetooth earphone, क्यासेट प्लेयर, PDA, MP3 जस्ता विद्युतीय उपकरणहरु लैजान पूर्ण रुपमा निषेध गरिएको छ । यस्ता सामग्री फेला परेमा परीक्षार्थीको परीक्षा अवैध ठहरिनेछ ।

ङ) अर्काको नाममा परीक्षा दिएमा वा भाषा परीक्षामा नक्कल गर्ने वा गराउने परीक्षार्थीलाई ४ वर्षका लागि (EPS-TOPIK) भाषा परीक्षा दिनबाट प्रतिबन्धित गरिनेछ र त्यस्ता अवाञ्छित एवं गैर कानूनी गतिविधि गर्ने व्यक्तिहरुको विवरण आम सञ्चार माध्यमबाट समेत प्रसारण गर्न सकिनेछ।

च) कोरियन भाषा परीक्षामा उत्तीर्ण भए तापनि स्वास्थ्य परीक्षणमा असफल हुने तथा प्रहरी रिपोर्ट प्रतिकूल हुने व्यक्तिले रोजगार आवेदन फारम भर्न पाउने छैनन् ।

छ) EPS अन्तर्गत रोजगार प्रकृयामा वैदेशिक रोजगार विभाग, ई.पी.एस. कोरिया शाखा कार्यालय बाहेक कुनै पनि निजी संघ संस्था, शैक्षिक संस्था वा व्यक्तिहरुको संलग्नता नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पि.एस. कोरिया शाखा, ग्वार्को, ललितपुर

## ९. परीक्षार्थीले आवेदन भर्दा छनौट गर्नुपर्ने उपक्षेत्र तर्फको विवरण

| | |
|---|---|
| 1. | Sub Sector Name Under **Manufacturing (Sector Code 00610)** |
| | Manufacture of food products |
| | Recovery of non-metal waste |
| | Manufacture of tobacco products |
| | Manufacture of textiles, except apparel |
| | Manufacture of wearing apparel, clothing accessories and fur articles |
| | Manufacture of leather, luggage and footwear |
| | Manufacture of wood and of products of wood and cork; except furniture |
| | Manufacture of pulp, paper and paper products |
| | Printing and reproduction of recorded media |
| | Manufacture of coke, briquettes and refined petroleum products |
| | Manufacture of chemicals and chemical products; except pharmaceuticals and medicinal chemicals |
| | Manufacture of pharmaceuticals, medicinal chemical and botanical products |
| | Manufacture of rubber and plastics products |
| | Manufacture of other non-metallic mineral products |
| | Manufacture of basic metals |
| | Manufacture of fabricated metal products, except machinery and furniture |
| | Manufacture of electronic components, computers; visual, sounding and communication equipment |
| | Manufacture of medical, precision and optical instruments, watches and clocks |
| | Manufacture of electrical equipment |
| | Manufacture of other machinery and equipment |
| | Manufacture of motor vehicles, trailers and semitrailers |
| | Manufacture of parts and accessories for motor vehicles (new products) |
| | Manufacture of other transport equipment |
| | Building of ships and boats |
| | Manufacture of furniture |
| | Other manufacturing |
| | Maintenance and repair services of industrial machinery and equipment |
| | Dismantling and sorting recoverable materials; materials recovery |
| | Dismantling, sorting and recovering metal waste |
| | Dismantling and sorting metal waste |
| | Recovery of metal waste |
| | Dismantling, sorting and recovering non-metal waste |
| | Dismantling and sorting non-metal waste |
| 2. | **Sub Sector Name Under Agriculture and Livestock Sector (00630)** |
| | Growing of crops |
| | Services incidental to growing of crops and raising of animals |
| | Animal production |
| 3. | **Sub Sector Name Under Service Sector 1 (00005)** |
| | Waste collection, treatment and disposal activities; materials recovery |

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पि.एस. कोरिया शाखा, ग्वार्को, ललितपुर

| | |
|---|---|
| | Waste collection |
| | Non-hazardous waste collection |
| | Hazardous waste collection |
| | Construction and demolition waste collection |
| | Waste treatment and disposal services |
| | Treatment and disposal of non-hazardous waste |
| | Treatment and disposal of hazardous waste |
| | Treatment and disposal of construction and demolition waste |
| | Collection, treatment and disposal of radioactive nuclear waste |
| | Agents involved in the sale of food, beverages and tobacco |
| | Wholesale of other fresh food and dried, salted and frozen food |
| | Wholesale of materials for recycling |
| | Courier activities |
| | Refrigerated and frozen warehousing |
| | Other service activities incidental to air transportation |
| | Air and land cargo handling |
| | Publishing of books, magazines and other publishing activities |
| | Music and sound recordings publishing |
| 4. | **Sub Sector Name Under Forestry Sector (00005)** |
| | Logging |
| | Afforestation |
| | Operation of forest tree nurseries |
| | Support services to forestry |

**Monitored by:** Ministry of Employment and Labor of the Republic of Korea (MOEL)
**Administered by:** Human Resources Development service of Korea (HRD Korea)
**Cooperated by:** Ministry of Youth, Labor and Employment of Nepal (MOYLE)
Department of Foreign Employment (DOFE)/EPS Korea Section